आठबीस नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**राकम कर्णाली, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : (२०७९/०२/१९ गते)

१. यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा भैसी कार्यक्रम अन्तर्गत भैसीहरु खरिद कार्य दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

२. सुचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु, संलग्न साथ तपसिल फिर्ता नहुने गरी उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गरी दाखिला गर्नुपर्नेछ।

३. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत दरभाउपत्रसाथ कम्तिमा ३ महिना (९० दिन) म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेख स्थित धरौटी खाता नं. हि.नं ०६३०१४००२५००३० मा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर समेत दरभाउपत्रका साथ पेश गरी यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दरभाउपत्रसाथ तल तोकिएको दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेखको आन्तरिक राजश्व खाता नं. ०६३०१४००२५००८५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर समेत दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

४. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिनको १२.०० वजे भित्र यस कार्यलयमा दरभाउपत्र पेश गर्नुपर्ने छ। दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

५. दर्ता भएको दरभाउपत्र १६ औं दिनको २.०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

६. दरभाउपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

७. दरभाउपत्र पेश गर्ने व्यवसायीले आफु यो कामगर्न योग्य छु भनी स्व:घोषणा पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

८. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. सफल दरभाउपत्रदाताले भैसी सप्लाई गर्दा पशु चिकित्सकबाट जाँच गरेको निरोगिताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ। हाल कर्णाली प्रदेशमा भैसी श्रोत केन्द्र स्थापना नभई सकेकोले कर्णाली प्रदेश भन्दा बाहिरबाट भैसी खरिद गरी सप्लाई गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्ने फर्म वा सप्लायर्सले यस कार्यालयबाट खरिद हुने रकम बराबरको रकम नघटाई कम्तिमा २ वर्षको अनुभव भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

१०. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

११. अन्य थप कुरा जानकारीका लागी यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | ल. ई. रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| AM/GOODS/SQ/01/2078/079 (L.S.B.) | मुर्रा भैसी खरिद तथा ढुवानी कार्य | १९,९८,०००.०० | १०००.०० | ५०,०००.०० | |

थप जानकारी एवं सूचनाको लागि : फोन ०८९६९०४७५, ई मेल aathabismun@gmail.com, वेवसाइट www.aathabismun.gov.np

आठबीस नगरपनलिका
दैलेख

CamScanner